प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ९१ ॥ २०८१ वैशाख २९ गते शनिबार (11th May 2024 Saturday) Pratidin National Daily मूल्य-रु.५/-

# बैंक तोडफोडको घटनाप्रति चौतर्फी विरोध



झापा(प्रस)।दुर्गा प्रसाईको 'राष्ट्र राष्ट्रियता धर्म संस्कृति र नागरिक बचाउ महाअभियान' को नागरिक युवा दस्ताले बिर्तामोडका तीन वटा बैंकमा गरेको तोडफोड घटनाप्रति चौतर्फी विरोध भएको छ । बिर्तामोड उद्योग वाणिज्य संघले शुक्रवार बिर्तामोडका जनप्रतिनिधि, वस्तुगत संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधि, उद्योगी व्यवसायी, बैंकर्स एशोसिएसन, सुरक्षा निकाय तथा राजनैतिक दलसंग गरेको छलफलमा त्यस तोडफोडको घटनाप्रति सबैले निन्दा र भर्त्सना गरेका हुन् । छलफलले व्यवसायीको व्यवसाय गर्ने हकलाई कसैले कुण्ठित गर्न नहुने निष्कर्ष निकालेको छ। छलफलमा वाणिज्य संघले कर्जाको बिषयलाई लिएर व्यवसायीलाई अनावश्यक दबाब नदिन बैंकहरुलाई अपिल गरेको थियो । साथै आर्थिक मन्दीका कारण व्यवसायी समस्यामा रहेकाले व्यवसायीलाई कर्जा र व्याजका बिषयमा दबाब नदिन बैंक तथा वितीय संस्थालाई अनुरोध गरिएको अध्यक्ष राजु न्यौपानेले बताए । नागरिक युवा दस्ताका कार्यकर्ताहरुले एभरेष्ट बैंक, ज्योति विकास बैंक र एनआइसी एसिया बैंकमा ढुंगा हानेका थिए । ढुंगा प्रहारबाट एभरेष्ट बैंक रहेको घरको १५-१६ वटा सीसा फुटेको छ भने ज्योति विकास बैंकमा सामान्य क्षति पुगेको छ । एनआइसी एसिया बैंकमा भने क्षति भएको छैन । बैंकलक्षित तोडफोडका क्रममा बिर्तामोडका घरधनी तथा व्यवसायी निर्मल भट्टराई, हरि मिश्र र दिपेश पाठकको घरमा क्षति पुगेको जनाइएको छ ।

बिर्तामोडको शान्ति सुरक्षा कायम राख्न सुरक्षा निकायलाई आग्रह गर्दै पछिल्लो समय बढ्दै गएको चोरीका घटनाप्रति पनि संवेदनशील हुन अनुरोध गरिएको अध्यक्ष न्यौपानेले बताए । साथै सुरक्षा व्यवस्था सहज बनाउँदै बैंक तथा वितीय संस्था संचालनको वातावरण बनाउन स्थानीय प्रशासनलाई हार्दिकतापूर्वक अनुरोध गरिएको उनले जानकारी दिएका छन् ।

# तोडफोडमा संलग्नमाथि म्याद थप गरी अनुसन्धान



बिर्तामोड(प्रस) । बैंक तोडफोडको घटनामा संलग्नमाथि प्रहरीले म्याद थप गरी अनुसन्धान थालेको छ । शुक्रवार अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान शुरु गरिएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए । दुर्गा प्रसाईको 'राष्ट्र राष्ट्रियता धर्म संस्कृति र नागरिक बचाउ महाअभियान' को नागरिक युवा दस्ताले बिर्तामोडमा तीन वटा बैंकमा हिजो ढुंगा हानेको थियो ।
बिर्तामोडको एभरेष्ट बैंक , ज्योति विकास बैंक र एनआइसी एसिया बैंकमा ढुंगा प्रहार भएको हो । तोडफोडमा संलग्न चार जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा बिर्तामोड ३ बस्ने २७ वर्षीय मनकुमार तामाङ, बुद्धशान्ति ४ का ३४ वर्षीय अन्जेस राई (बुलेट किराँती), सोही ठाउँका १६ वर्षीय दिपेश राई र बिर्तामोड ४ बस्ने १८ वर्षीय पवन दुलाल रहेका छन् । आपराधिक गतिविधिमा संलग्न भएकाले म्याद थप गरी उनीहरुमाथि अनुसन्धान शुरु गरिएको डीएसपी विष्टले जानकारी दिए ।
गत वैशाख २५ गते एभरेष्ट बैंक र ज्योति विकास बैंकले ऋणीलाई सास्ती दिएको भन्दै बर्दिया राजापुरका खुसीराम चौधरी आत्महत्या गरेको आरोप लगाइएको छ । त्यसैको विरोधमा दुर्गा प्रसाईको 'राष्ट्र राष्ट्रियता धर्म संस्कृति र नागरिक बचाउ महाअभियान' को युवा संगठन नागरिक युवा दस्ताले बैंकमा तोडफोड गरेको थियो । बिहीवार बिहान ११.४० बजेको समयमा बिर्तामोड ५ स्थित सिटीसेन्टर अगाडिबाट राष्ट्र राष्ट्रियता धर्म संस्कृति र नागरिक बचाउ महाअभियानको नागरिक युवा दस्ताद्वारा बैंक तथा वित्तीय संस्थाले गरेको ज्यादती विरुद्धमा पैदल ऱ्याली आयोजना गरिएको थियो ।

नागरिक युवा दस्ता झापाका कार्यकारी प्रमुख भिम तुम्बाम्फेको नेतृत्वमा अन्दाजी ४०-५० जनाको संख्यामा भेला भई सिटीसेन्टरबाट मुक्तिचोकतर्फ जाँदै गरेको अबस्थामा ऱ्यालीका सहभागीहरुले ज्योति विकास बैंक र एभरेष्ट बैंकमा ढुंगा हानेका थिए । यसअघि गत असोज २५ गते अर्जुनधारामा राष्ट्रिय युवा संघ नेपालले आयोजना गरेको कार्यक्रममा नागरिक अभियानका कार्यकर्ताहरुले सवारीसाधन तोडफोड गरेका थिए ।

# चिया विकास निगमका चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा

झापा(प्रस) ।नेपाल चिया विकास निगम लिमिटेड बिर्तामोडका तत्कालीन सिनियर एकाउन्टेन्ट सञ्जय बिलोटियासहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा दर्ता भएको छ।
अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता नरहरि घिमिरेका अनुसार बिलोटियासहित तत्कालीन लेखापाल मनिषकुमार कर्ण, तत्कालीन अफिस क्लर्क राजु भन्ने गुणराज श्रेष्ठ र नेपाल विद्युत प्राधिकरण, भद्रपुर वितरण केन्द्रका तत्कालीन लेखापाल वेदबहादुर रानाको आपसी मिलेमतोमा भ्रष्टाचार भएको देखिएको छ। नेपाल चिया विकास निगम बिर्तामोडबाट आर्थिक वर्ष २०६९/७० देखि २०७२/०७३ सम्मको विद्युत महसुल तिर्दा विद्युत प्राधिकरणबाट जारी वास्तविक बिल रकम जम्मा एक करोड ९३ लाख ६५ हजार ६५१ रुपैयाँ भुक्तानी गर्नुपर्नेमा वास्तविक भए गरेको भन्दा बढीको नक्कली बिल भरपाई पेश गरी दुई करोड ३३ लाख ५५ हजार ३२९ रुपैयाँ रकम भुक्तानी लिएको तथा लिन लगाएको आरोप लागेको आयोगको विज्ञप्तिमा उल्लेख छ।
जसबाट चिया विकासबाट ३९ लाख ८९ हजार ६७७ रुपैयाँ बढी भुक्तानी लिई, लिन लगाई निजले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा १ बमोजिमको कसुर देखिएको आयोगले जनाएको छ।

सो रकममध्ये सात लाख ३७ हजार ३०८ रुपैयाँ असुल भइसकेको देखिएकोले सो रकम घटाई ३२ लाख ५२ हजार ३६८ रुपैयाँ असुल हुने मागदाबी लिइ शुक्रबार विशेष अदालत काठमाडौंमा आरोपपत्र दायर भएको आयोगले जनाएको छ।

# मुख्यमन्त्री नियुक्ति विवादमा सर्वोच्चले दिएन अन्तरिम आदेश




झापा(प्रस) । कोशी प्रदेशको मुख्यमन्त्रीमा हिक्मत कार्कीको नियुक्तिविरुद्ध परेको रिटमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ ।कोशी प्रदेश कांग्रेस संसदीय दलका नेता केदार कार्कीले प्रदेश प्रमुख कार्यालय कोशी प्रदेशसमेतलाई विपक्षी बनाएर दायर गरेको रिटमा सर्वोच्चले अन्तरिम आदेश दिन अस्वीकार गरेको हो । सर्वोच्च अदालतका न्यायाधीश हरिप्रसाद फुयालको एकल इजलासले रिट निवेदनमा उल्लिखित संविधानको व्याख्याको विषय अन्तर्निहित भएको देखिएकाले पूर्ण सुनुवाइबाटै यी विषयको निरुपण हुनुपर्ने आदेश दिएको हो । साथै सर्वोच्चले जेठ ९ मा अर्को पेशी तोकी विपक्षीहरूसँग लिखित जवाफसमेत माग गरेको छ ।
'यस निवेदनमा उल्लिखित संविधानको व्याख्याको विषय अन्तर्निहित भएको देखिँदा उक्त विषयहरूको निरुपण पूर्ण सुनुवाइबाट हुनु पर्ने देखिएकोले हाललाई निवेदकको माग बमोजिमको अन्तरिम आदेश जारी गरी रहनु परेन,' सर्वोच्चको आदेशमा भनिएको छ ।
केदार कार्कीले एमाले संसदीय दलका नेता हिक्मतकुमार कार्कीलाई मुख्यमन्त्री जिम्मेवारीमा कुनै काम नगर्न/नगराउन र आफूलाई यथावत रूपमा जिम्मेवारी बहन गर्ने व्यवस्थाको माग गर्दै सर्वोच्चमा रिट दायर गरेका थिए । मुख्यमन्त्री नियुक्तविरुद्ध निवर्तमान मुख्यमन्त्री कार्कीले बिहीबारै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । रिटमा प्रदेश प्रमुख खापुङ, सभामुख अम्बरबहादुर विष्ट, एमाले प्रदेश संसदीय दलका नेता तथा मुख्यमन्त्री कार्की तथा संकल्प प्रस्तावका समर्थकलाई विपक्षी बनाइएको छ । रिटमा नेपालको संविधानको धारा १३३ (२) (३) बमोजिम उत्प्रेषण, परमादेशलगायत उपयुक्त आदेश जारी गर्न माग गरिएको छ ।
झापा ५ (१) बाट निर्वाचित हिक्मतकुमार प्रदेशसभाको यो कार्यकालमा तेस्रो पटक मुख्यमन्त्री नियुक्त भएका हुन्। २०७९ पुष २४ मा उनी माओवादी, जसपा, राप्रपा र जसपाको समर्थनमा संविधानको धारा १६८ को उपधारा २ अनुसार पहिलो पटक मुख्यमन्त्री बनेका थिए । माओवादी र जसपाले साथ छाडेपछि ०८० असार १५ मा पदमुक्त भए । ६ दिनपछि कांग्रेस नेता उद्धव थापा असार २१ मा मुख्यमन्त्री बने । कांग्रेसका प्रदेश सभापति थापा माओवादीनिकट सभामुख बाबुराम गौतमलाई पनि चुनावी प्रक्रियामा सामेल गराएर मुख्यमन्त्री बनेका कारण आलोचित बने । उनलाई साउन ११ मा सर्वोच्च अदालतले अवैधानिक घोषित गर्दै पदमुक्त नै गऱ्यो ।
सभामुख गौतमको राजीनामापछि साउन १६ मा थापा पुनः दोस्रोपटक मुख्यमन्त्री बने । तर, भदौ २१ मा सर्वोच्चले थापाको नियुक्ति पुनः बदर गरिदियो । सर्वोच्चले संविधानको धारा १६८ को उपधारा ३ अनुसार सबैभन्दा ठूलो दलको हैसियतमा एमालेका हिक्मतकुमारलाई मुख्यमन्त्री नियुक्त गर्न परमादेश गरेपछि भदौ २२ मा उनी दोस्रो पटक मुख्यमन्त्री बन्न पुगे ।
पहिलो पटक ६ महिना ६ दिन कुर्सीमा बसेका कार्की दोस्रो पटक २९ दिनमै बहिर्गमनमा परे । विश्वासको मत पाउने सम्भावना नदेखेपछि असोज २० मा उनले राजीनामा दिएका थिए । त्यसपछि एमालेका ३९ र कांग्रेसका ८ सांसदको समर्थनमा कांग्रेस नेता केदार मुख्यमन्त्री नियुक्त भएका थिए ।

# बोलेरो दुर्घटनामा सहचालक घिमिरेको मृत्यु




झापा(प्रस)। इलामको सन्दकपुर गाउँपालिका ५ जमुनामा बिहीवार राति भएको बोलेरो दुर्घटनामा सहचालकको मृत्यु भएको छ ।
राति १०.४५ बजेको समयमा सन्दकपुर ५ सापकोटा गाउँस्थित भित्री कच्ची सडकखण्डमा बिप्ल्याटेबाट जमुनातर्फ जाँदै गरेको प्र. १ -०३-००१ च ००६९ नम्बरको ४ वटा गोरु लोड गरेको बोलेरो पिकअप गोलाइ मोड्ने क्रममा आफै अनियन्त्रित भइ बाटोदेखि अन्दाजी ६० मिटर तल खसेर दुर्घटना भएको हो । दुर्घटनामा गाडीका सहचालक इलाम नगरपालिका ५ बस्ने अन्दाजी २२ वर्षका तोया घिमिरेको मृत्यु भएको हो । इलाम अस्पतालबाट थप उपचारको लागि झापा ल्याउने क्रममा शुक्रवार बिहान २ बजे उनको बाटोमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय इलामका प्रवक्ता डीएसपी प्रकाश जवेगूले बताए । मृतकको शव जिल्ला अस्पताल इलाममा राखिएको छ ।
दुर्घटनामा गाडी चालक इलाम ४ बस्ने २० वर्षीय अभिषेक तिवारी घाइते भएका छन् । ढाड र घुँडामा चोट लागेका तिवारीको अबस्था सामान्य रहेको छ । गाडी तत्काल घटनास्थलमा नै रहेको र गोरुहरु सकुशल रहेको डीएसपी जवेगूले जानकारी दिए ।



# सुन चोरेर निल्ने योङ्या जेल चलान



पाँचथर(प्रस) । फिदिम नगरपालिका-२ की विष्णुमाया तामाङको दराजबाट हराएको एक तोला सुन चोरी भएको ३६ घण्टापछि फेला परेको छ । गत बुधबार राति फिदिम-१ का २८ वर्षीय सुरेन योङ्याले तामाङको घरबाट सुन र १५ हजार रुपैयाँ चोरी गरेका थिए ।
चोरी गरेर भाग्न नपाउँदै तामाङकै घरमा भेटिएका योङ्याले चोरीको सुन छिपाउन मुखबाट निलेका थिए । बुधबार राति खानतलास गर्दा उनको साथबाट नगदमात्रै बरामद भएको थियो । त्यसपछि एक्स-रे गरेर हेर्दा उनको पेटमा सुनजस्तो बस्तु देखिएको थियो ।

'चोरी गरेको थाहा पाएलगत्तै स्थानीयले बाहिर निस्कन नदिई बाहिरबाट ढोकाको चुकुल लगाएर प्रहरीलाई खबर गरेका थिए । उनको शरीर खानतलासी गर्दा पैसा भटियो तर सुन भेटिएन,' घटनाबारे सुनाउँदै जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सुमित कशवाहले भने, 'उनको नाक, कान, मुख र मलद्वारसहित सम्भावित सबै अंग प्रत्यङ्गमा खानतलासी गर्दा पनि नभेटिएपछि निलेको शंका लागेर एक्स-रे गर्दा भित्र पो देखियो ।'
शुक्रबार प्रहरीकै निगरानीमा योङ्याको दिसाबाट सुन निकालिएको छ । 'पहिल्यै निलिसकेका रहेछन् । एक्स-रे गर्दा सुन पेटमै रहेको पुष्टि भएपछि हिरासतमा राखेर निगरानी गर्‍यौं, ३६ घण्टा पछि दिसासँगै सुन पनि निस्कियो,' कुशवाहले थपे ।धोइपखाली गरेर पसलमा जोख्दा अलिकति पनि नघटेको उनले सुनाए । सुन निलेपनि योङ्याको स्वास्थ्यमा केही समस्या देखिएको छैन । योङ्याविरुद्व अनुसन्धान गर्दै प्रहरीले जिल्ला अदालतमा मुद्धा दर्ता गराएको छ । उनलाई अदालतले एक लाख पचास हजार रुपैयाँ धरौटी माग्दा बुझाउन नसकेपछि वैशाख २६ गते योङ्यालाई पुर्पक्षका लागि पाँचथर कारागार पठाइएको प्रहरीले जनाएको छ ।

# सम्भावित महामारी नियन्त्रण र रोकथाम सुरु

झापा(प्रस)। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले महामारी रोकथाम र नियन्त्रण गर्नका लागि 'महामारी तयारी र प्रतिकार्य कोष' परियोजना सुरु गरेको छ । मन्त्रालयका प्रवक्ता डा.प्रकाश बुढाथोकीले परियोजनाअन्तर्गत विभिन्न रोगको सतर्कता र प्रारम्भिक चेतावनी, जनशक्ति उत्पादन, प्रयोगशाला विस्तार र सुधारलगायत क्षेत्रमा खर्च गरिने बताए ।



"कुनै महामारी आयो भने तयारी गर्नका लागि परियोजना सञ्चालन गरिएको छ", उनले भने, "कोरोना भाइरसजस्तो महामारी फेरि नआउला भन्न सकिन्न । त्यसैले सम्भावित महामारीको क्षति कम गर्न, निदान र उपचारको तयारी गर्नका लागि परियोजना सञ्चालन गरिएको हो ।" संघ, प्रदेश तहमा पनि परियोजना लागू गरिने छ । कूल एक करोड ८८ लाख अमेरिकी डलरमा सुरु भएको उक्त परियोजना विश्व स्वास्थ्य सङ्गठन, युनिसेफ र खाद्य तथा कृषि सङ्गठनको संलग्नतामा तीन वर्षसम्म सञ्चालन हुनेछ ।
उनका अनुसार विश्व स्वास्थ्य सङ्गठनमा आबद्ध रहेका देशले कोरोना भाइरसको बेला बनाएको कोषबाट नेपाललाई उक्त रकम प्राप्त भएको हो ।

महामारी कोषबाट परियोजना सञ्चालन गर्नका लागि विश्वभरिका एक सय ३३ देशबाट एक सय ७९ आवेदनमध्ये नेपालको प्रस्ताव छनोट भएको हो । नेपालमा २०७६ सालमा कोरोना भाइरस महामारी देखिएको थियो । कोरोना भाइरसको कारणले करिब १२ हजार मानिसको मृत्यु भइसकेको छ ।

# इलाम र सूर्योदय सेमिफाइनलमा



इलाम(प्रस) । इलाम नगरपालिका र सूर्योदय नगरपालिका दोस्रो माईजोगमाई अध्यक्षकप आमन्त्रण अन्तरपालिका फुटबल प्रतियोगिताको सेमिफाइनल प्रवेश गरेका छन् । शुक्रबार भएको पहिलो क्वाटरफाइनल खेलमा इलामले माङसेबुङ गाउँपालिकालाई ४-१ र सूर्योदय नगरपालिकाले माई नगरपालिकालाई ३-१ गोल अन्तरले हराएको हो । तेस्रो क्वाटरफाइनल खेलको दोस्रो हाफ सम्हालिन नसक्दा माङसेबुङले अन्तिम ४ मा स्थान सुरक्षित गर्न सकेन । पहिलो हाफ १-१ गोल अन्तर बनेको खेलको दोस्रो हाफमा इलामले ३ गोल गर्दै सेमिफाइनलमा स्थान बनाएको हो । खेलको म्यान अफ दि म्याच इलामका प्रिन्स शेर्पा घोषित भए ।
अन्तिम क्वाटरफाइनल खेलमा अग्रता जोगाउन नसक्दा माई नगरपालिका पराजित बनेको छ । पहिलो हाफमा १-० गोल अन्तर बनाएको माईले दोस्रो हाफमा ३ गोल व्यहोर्‍यो । खेलको म्यान अफ दि म्याच सूर्योदयका पाल्देन तामाङ घोषित भए ।
प्रतियोगिताको पहिलो सेमिफाइनल खेलमा शनिबार इलाम नगरपालिका र माईजोगमाई गाउँपालिका भिड्नेछन् । इलामले सन्दकपुर गाउँपालिका र माङसेबुङ गाउँपालिकालाई हराउँदै अन्तिम ४ मा स्थान बनाएको हो । माईजोगमाईले रोङ गाउँपालिकालाई हराएको हो ।

# दिल्लीका मुख्यमन्त्री अरविन्द केजरिवाल रिहा

एजेन्सी । दिल्लीका मुख्यमन्त्री अरविन्द केजरिवाल अन्तरिम जमानतमा रिहा भएका छन्। भारतको सर्वोच्च अदालतले उनलाई जुन १ तारिखसम्मका लागि अन्तरिम जमानत दिएको हो। अदालतले मुख्यमन्त्री केजरिवाललाई २ तारिखमा आत्मसमर्पण गर्न भनेको छ। यससँगै भारतमा जारी लोकसभा चुनावमा प्रचार गर्न मुख्यमन्त्री केजरिवाललाई बाटो खुलेको छ। जुन १ तारिखसम्म हुने चुनावी प्रचारमा सहभागी भएर केजरिवालले जुन २ तारिखमा आत्मसमर्पण गर्नुपर्ने भएको छ।
मदिरासम्बन्धी नीतिमा घोटाला गरेको भन्दै केजरिवाललाई भारतको प्रवर्तन निर्देशनालय (इडी)ले गत मार्च २१ मा पक्राउ गरेको थियो। सर्वोच्च अदालतले यस विषयमा छिट्टै सुनुवाई सक्ने बताएको छ।

# पितृको स्मृतिमा विद्यार्थीलाई स्कूल व्याग



दमक(प्रस) । आफ्ना दिवंगत पितृको स्मृतिमा शुक्रवार झापाको कमल गाउँपालिका ७ को केरुङ परिवारले सुस्तश्रवण विद्यार्थीहरुलाई स्कूल व्याग दिएका छन् ।
कमल ७ निवासी समाजसेवी गणेशप्रसाद केरुङकी श्रीमती गौमायाको २०७८ बैशाख २८ गते ७६ बर्षको उमेरमा निधन भएको थियो । स्व. केरुङका छोराहरु भिमराज ,आइत,मोहन,ओमप्रकाश र विरु छन् भने छोरीहरु शान्ता र कान्छी चेसुङ छन् ।

तीन वर्षअघि निधन भएका गौमाया केरुङको स्मृतिमा उनीहरुले कमल ५ स्थित मंगलमय माध्यमिक विद्यालयमा अध्ययनरत ३० जना फरक क्षमता भएका विद्यार्थीहरुलाई स्कूल व्याग हस्तान्तरण गरेका हुन् ।
विद्यालयमा आयोजित संक्षिप्त कार्यक्रमका बीच सो सहयोग सामग्री स्व. केरुङकी कान्छी छोरी ज्वाइँ चेसुङ लिम्बू, बिष्णु सुब्बा, साइली बुहारी डम्बरकुमारी लिम्बूसहित विद्यालयका निमित्त प्रधानाध्यापक डम्बरुप्रसाद पोख्रेल, प्रधानाध्यापक मोहन बगाले,पूर्व प्रअ ओमप्रसाद खनाल,पत्रकारद्वय गिरीराज भट्टराई ,अनिलदेव राईलगायतले हस्तान्तरण गरेका थिए ।
विद्यालयमा विशेष कक्षामा हाल ३० जना विद्यार्थीहरु आवासीयसहित अध्ययनरत छन् । स्कूल व्याग हस्तान्तरणका क्रममा दाता परिवारले दिवंगत आमा गौमायाको स्मृतिमा बर्सेनि यस किसिमको सामाजिक कार्यहरु गर्दै आएको बताए । गत वर्ष भने केरुङ्ग पविारले दमक ९ को दमक बाल आश्रम, दमक ४ को रत्नज्येष्ठ नागरिक बृद्धाश्रमसहित दुई जना असहाय रोगीलाई नगद तथा सहयोगी सामग्री वितरण गरिएको थियो ।

# कोशीको बजेट अधिवेशन बैशाख ३१ मा




झापा(प्रस) । मुख्यमन्त्रीमा नियुक्त भएपछि हिक्मतकुमार कार्की नेतृत्वको कोशी प्रदेश सरकारले यही बैशाख ३१ गते प्रदेशसभाको बजेट अधिवेशन आव्हान गर्ने भएको छ ।

तीन सदस्यीय मन्त्रिपरिषदको पहिलो बैठकले प्रदेशसभाको बजेट अधिवेशन बैशाख ३१ गते आव्हान गर्ने निर्णय गरेको हो ।नवनियुक्त मुख्यमन्त्री कार्कीले आफूसहित दुई मन्त्री राम रानामगर र गणेश उप्रेतीको शपथलगत्तै मन्त्रिपरिषद्को बैठक राखेका थिए ।
बैठकले मन्त्री रानामगरलाई सरकारको प्रवक्ता तोकेको छ भने बरिष्ठ अधिवक्ता चुँडामणि आचार्यको संयोजकत्वमा संघीयता कार्यान्वयन तथा कानुन निर्माणसम्बन्धी एकीकृत अध्ययन कार्यदल निर्माण गरेको छ । जसको सदस्यहरुमा पूर्व मुख्य न्यायाधिवक्ता वरिष्ठ अधिवक्ता गजेन्द्र आचार्य ,पूर्व प्रदेश सभा सदस्य अर्जुन राई, पूर्व प्रदेश सभा सदस्य कुलप्रसाद साम्बा, पूर्व प्रदेश सभा सदस्य जसमाया गजमेर, पूर्व उपसचिव नरेन्द्र श्रेष्ठ र सदस्य सचिवमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव रहेका छन् ।

# नक्कली नोटसहित महिला पक्राउ

झापा(प्रस)। मोरङको रङ्गेलीबाट नेपाली नक्कली नोटसहित एक महिला पक्राउ परेकी छन् । रङ्गेली नगरपालिका-९ स्थित दोमनामा नक्कली नोटको कारोबार भइरहेको भन्ने सूचनाको आधारमा इलाका प्रहरी कार्यालय रङ्गेलीबाट खटिएको प्रहरी टोलीले सुनवर्षी नगरपालिका ५ टकुवाकी ४० वर्षीया कुरेसा खातुनलाई ५ सय दरका १८ थान नेपाली नक्कली नोटसहित पक्राउ गरेको हो । नक्कली नोटसहित पक्राउ परेकी खातुनको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## १५ दिने सूचना

सधियार पूर्वः श्री गंगादेवी गौतम, दक्षिणः श्री विनम गनगाई चौहान को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री सनौवर मियाले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-५ | १७९ ००८ ००२ | ६९,१९० | १५२.३७ ३१.९७ | २०८०/१२/२५ | २०८०/१२/२५ | २०८१/०१/२७ |


---

**विराटनगरमा..**

देवकोटाको 'हुरीको गीत' भरत गुरागाईं बर्बीरिक, वानिरा गिरीको 'म च्याचिएको पोष्टर' विवश पोखरेल, सानुमती राईको 'जल्न देऊ बल्न देऊ' रोमा निरौला र भूपी शेरचनको 'पहिरो जाने पहाडमुन्तिर' शीर्षकको कविता खेम नेपालीले वाचन गरेका थिए।

उक्त कविताहरू मुकुन्द प्रयास, विनोदकुमार चौधरी, अभिषा घिमिरे, युवराज रिजाल, एलन शाक्य, महेन्द्र राई, संजय धिताल (सयल), गणेश लामा, यशोदाकुमारी सिंह र रवि बस्नेतले क्यानभासमा उतारेका थिए। त्यसैगरी 'कता रुमलियो विराट विरासत ?' शीर्षकमा बहससमेत भएको थियो।

सो बहसमा विराटनगर महानगरपालिकाकी उपमेयर शिल्पा निराला कार्की, उद्योगी ताराचन्द खेतान र लेखक तथा विश्लेषक दिनेश श्रेष्ठ सहभागी भएका थिए। पत्रकार महाप्रसाद खतिवडाले सहजीकरण गरेको बहसमा विराटनगरको शाख फर्काउनुपर्नेमा जोड दिइएको छ। त्यस्तै पत्रकार टेकेन्द्र अधिकारीले सहजीकरण गरेको 'नेपाली भाषा बहाव' शीर्षकको बहसमा केदार शर्मा, लता पौड्याल निरौला र विष्णु एस राईले आ-आफ्ना विचार राखे। हेमन्त बुढाथोकी, सोनु जयन्ती र दीपा पोखरेल 'मञ्चमा म' शीर्षकको बहसमा सहभागी भएका थिए। सो बहसको सहजीकरण सुमन लिङ्देनले गरेका थिए।
अर्को कार्यक्रमअन्तर्गत 'भोलि बास्ने कवि' : सम्झनामा कृष्णभूषण बल प्रस्तुत गरिएको थियो। कवि मनु मञ्जिलले सहजीकरण गरेको सो कार्यक्रममा वरिष्ठ कवि जसराज किरातीले कृष्णभूषण बललाई स्मरण गरे। कवि केजी सुब्बाले सहजीकरण गरेको 'नेपाली साहित्य सिर्जनाका नवीनतम् आयामहरू' शीर्षकको बहसमा हाङ्युग अज्ञात, देवान किराती र शुभलक्ष्मी लम्साल आम्नेसाम्ने भए। पहिलो दिनको अन्तिम सेसनमा सुदीप पाख्रिन, हेमन यात्री, विमल वैद्य, रोशन परियार, मनु विश्वकर्मा, सुष्मा दाहाल, सगुन सुसारा, अनिशा रम्तेल, टीका आत्रेय, सविता गौतम दाहाल, जीवन आरोही, विनिता बोगटी र पराजित पोमुले प्रतिनिधि कविता वाचन गरेका छन् ।

दोस्रो दिन शनिबार मातृभाषी कविता वाचन, राजनीति र साहित्यः साहित्यमा राजनीति, योगवाणी र योगमाया, आख्यानमा चरित्र निर्माण : परिकल्पना र प्रस्तुति, पात्र र लैंगिकता, समकालीन रचना वाचन, गजल गुञ्जनलगायतका कार्यक्रम हुने गुरुकुलका अध्यक्ष क्षेत्रीले जानकारी दिए।


**बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**कोशी प्रदेशको**

## १५ दिने सूचना

सधियार उत्तरः श्री रमेश ठकुरी, खगेन्द्र ठकुरी, दक्षिणः उमेश चौधरी को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री सनौवर मियाले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाणपत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-५ | १७९ ००८ ००२ | ८८ | ९३.१२ | २०८०/१२/२५ | २०८०/१२/२५ | २०८१/०१/२७ |



## हात्तीपाइले रोग विरुद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०८१ साल वैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरूद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सेवन गराइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान २०८१ वैशाख २५ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधी आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

**हात्तीपाइले रोगका लक्षणहरु**



- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरूषको अण्डकोष वरपर नसाहरू फुल्ने
- पुरूषमा अण्डकोष ठुलो भई हाइड्रोसिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुन्निने र दुख्ने
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरूबाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

**बिर्तामोड नगरपालिका**
स्वास्थ्य शाखा
झापा, कोशी प्रदेश, नेपाल



## बिर्तामोड उद्योग वाणिज्य संघ
## प्रेस विज्ञप्ती

बिर्तामोडमा यहि बैशाख २७ गते भएको बैक लक्षित तोडफोड प्रति बिर्तामोड उद्योग वाणिज्य संघको गम्भीर ध्यानाकर्षण भएको छ । बैक लक्षित तोडफोडका क्रममा बिर्तामोडका घरधनी तथा व्यवसायी निर्मल भट्टराई, हरि मिश्र र दिपेश पाठकको घरमा केही समुहले गरेको आक्रमणको वाणिज्य संघ निन्दा र भत्सर्ना गर्दछ । २७ गतेको घटना क्रम पछि बिर्तामोड उद्योग वाणिज्य संघले आज बिर्तामोडका जनप्रतिनिधि, बस्तुगत संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिहरु, उद्योगीव्यवसायी, बैकर्श एसोशिएसन, सुरक्षानिकाय तथा राजनैतिक दलसंग छलफल गरेको छ । छलफलले व्यवसायीको व्यवसाय गर्ने हकलाई कसैले कुन्ठित गर्न नहुने निष्कर्ष निकालेको छ । बिर्तामोड उद्योग वाणिज्य संघले बैकहरुलाई कर्जाको बिषयलाई लिएर व्यवसायीलाई अनावश्यक दबाब नदिन अपिल गरेको छ । साथै आर्थिक मन्दिका कारण व्यवसायी समस्यामा रहेकाले व्यवसायीलाई कर्जा र व्याजका बिषयमा दबाब नदिन बैक तथा बितिय संस्थालाई समेत अनुरोध गर्दछौ ।

बिर्तामोडको शान्तिसुरक्षा कायम राख्न सुरक्षा निकायलाई आग्रह गर्दै पछिल्लो समय बढ्दै गएको चोरीका घटना प्रति पनि संवेदनशील हुन अनुरोध गरेको छ । सुरक्षा व्यवस्था सहज बनाउदै बैंक तथा वितिय संस्था संचालनको वातावरण बनाउन स्थानिय प्रशासनलाई हार्दिकता पुर्वक अनुरोध गर्दछौं । साथै व्यवसायीक भवनमा क्ष्यति नपुऱ्याउन आन्दोलनरत पक्षलाई बिर्तामोड उद्योग वाणिज्य संघ सचेत गराउदछौ । बैकसंगको असमझदारीमा घरभेटी तथा व्यवसायीलाई नपार्न बिर्तामोड उद्योग वाणिज्य संघ आन्दोलनरतपक्ष संग आग्रह गर्दछ । साथै बैक र आन्दोलनरत पक्ष बिचको समस्या बार्ता मार्फत समाधान गर्दै व्यवसायीलाई ढुक्कसंग आफ्नो व्यवसाय संचालन गर्ने वातावरण बनाउन सबैपक्षसंग अनुरोध गर्दछौ ।

कुशल खतिवडा
महासचिव

राजु न्यौपाने
अध्यक्ष

मिति : २०८१/०१/२८


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

सम्पादकीय

## स्वास्थ्यका लागि सिनेमा

**धेरैलाई राम्रो फिल्म हेर्न पाउँदा रमाइलो लाग्छ, किनकि यसमा आनन्दित बनाउन सक्ने खुराकहरू हुन्छन् । एउटा वियोगान्त फिल्मले हाम्रा भावनाहरूबाट मुक्त गर्न मद्दत गर्न सक्छ वा कमेडीले हाम्रो मुडलाई राम्रो बनाउन सक्छ । चलचित्रहरूले हाम्रा भावनालाई सुरक्षित तरिकाले जोड्ने मौका पनि दिन सक्छन् ।**

**चलचित्रहरूले मानव मस्तिष्कमा प्रभाव पार्न सक्ने भएकाले यसलाई थेरापीको औजारका रूपमा प्रयोग गर्न पनि सकिन्छ । विभिन्न अनुसन्धानबारे गरेको अध्ययनले फिल्म थेरापी कठिन भावनाहरूबाट गुज्रिएका मानिसलाई सहयोग गर्न प्रभावकारी छ भन्ने देखाउँछ । यसले मानसिक स्वास्थ्य सुधार्न सक्छ । फिल्मले थेरापीका रूपमा मानिसलाई भावनात्मक रूपमा इन्गेज गराउने पाइएको छ । अन्य घटनाक्रमका विषयमा छलफल गर्नभन्दा चलचित्रका पात्रहरूका विषयमा चर्चा गर्दा मानिसले बढी सहज महसुस गर्छन् भन्ने लाग्छ ।**

**फिल्मले मानिसलाई जीवनकला सिकाउन पनि सहयोग गर्न सक्छ, किनकि त्यहाँ पात्रहरूले विभिन्न चुनौतीको सामना गरिरहेका हुन्छन् । फिल्म थेरापीले अभिभावक र टिनएजरबीचको द्वन्द्व घटाउन सहयोग गर्न सक्छ । यसले उनीहरूबीच भावनात्मक सम्बन्ध र संवाद बढाउन सक्छ । एन्जाइटी कम गर्नका लागि पनि भूमिका खेल्न सक्छ । केही निश्चित समूहका व्यक्तिहरू, उदाहरणका लागि सामाजिक रूपमा कम घुलमिल हुने युवाहरूका लागि फिल्म थेरापी लाभदायी हुने विभिन्न अध्ययनले देखाएका छन् । फिल्म हेरेर उनीहरूले आफ्नो सुदृढ पक्ष पहिचान गर्न र आफ्नो मनोभावना बलियो बनाउन सक्छन् । मानसिक समस्या भएका बिरामीहरूलाई पनि आफ्ना भावना र विचार अभिव्यक्त गर्न फिल्म थेरापीले सघाउँछ ।**

**एक अध्ययनले सुपर हिरो फिल्म हेर्ने, यसबारे छलफल गर्ने कार्यले सिजोफ्रेनिया भएका युवाहरूलाई आफ्नो सुदृढ पक्ष पहिचान गर्न र उनीहरूले सामना गरिरहेका चुनौती बुझ्न सहयोग पुऱ्याउने निष्कर्ष निकालेको छ । तर, फिल्म थेरापीबारे भर्खरै अध्ययन सुरु भएको छ । आफ्नो भलाइका लागि मानिसकसरी फिल्मसँग जोडिन सक्छन् र फिल्म थोरापीबाट कसले सबैभन्दा धेरै लाभ लिन सक्छ भन्ने विषयमा निरन्तर अनुसन्धान हुन आवश्यक छ ।**

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# अर्थतन्त्र, अविकास र गरिबी



उद्धव सिलवाल

देशको आर्थिक र सामाजिक रूपान्तरणमा वैदेशिक लगानी अपरिहार्य हुन्छ । पूर्वाधार विकासका साथै अन्य क्षेत्रमा राज्यले पर्याप्त लगानी गर्न नसक्नु र निजी क्षेत्र विकास आयोजनामा आकर्षित नहुँदा देश विकासले गति लिन सकेको छैन । आर्थिक उदारीकरणसँगै वैदेशिक लगानीको वातावरण बने पनि अपेक्षाकृत रूपमा यसको विकास हुन सकेको छैन ।

डा. सुरोज टन्डनले नेपालमा आर्थिक विकास : वित्तीय प्रणालीको असल अभ्यास र दिगो विकाससम्बन्धी लेखमा आर्थिक विकासको मुख्य उद्देश्य समाजमा बढीभन्दा बढी उत्पादनसँगै वितरण, आयसँगै बचत, मानिसको कल्याणसँगै जीवनस्तर सुधार र रोजगारीसँगै अवसरहरू सिर्जना गराउने उल्लेख गरे जस्तै आर्थिक विकासले आर्थिक क्रियाकलापमा मात्र जोड नदिई राष्ट्रको समग्र विकासका लागि रोजगारी, आय आर्जन, आयको वितरण, गरिबी न्यूनीकरण, बचत, लगानी आदिमा प्राथमिकता दिनु पर्छ । हामीकहाँ यस्ता कुराले प्राथमिकता पाउन सकेको छैन ।

मुलुकको आर्थिक विकास वित्तीय क्षेत्रका नीति तथा रणनीति, आर्थिक, सामाजिक एवं वातावरणीय दिगो विकासको कार्यान्वयनमा भर पर्छ । वर्तमानको आवश्यकतामा कुनै सम्झौता नगरी भावी पुस्ताको आवश्यकता पूरा गर्न विनाशबिनाको विकास नै दिगो विकास हो । राष्ट्रको आर्थिक विकासका लागि वित्तीय प्रणालीमा रहेको सम्पत्ति र दायित्वको उचित परिचालन गरी रोजगार, आय, उपभोग, बचत र उत्पादनलाई प्रोत्साहन गर्न, गरिबी घटाउन, वातावरण व्यवस्थापन, समावेशी विकास, सुरक्षित खानेपानी, स्वास्थ्य, शिक्षा आदिको क्षेत्रगत सम्बोधन गर्न र अन्तर्राष्ट्रिय समुदायसमक्ष गरेका प्रतिबद्धता पूरा हुने आर्थिक विकासको खाँचो छ ।

अर्थशास्त्रीहरूले आर्थिक विस्तारका शक्तिहरूको सिर्जना र संवर्धनलाई जोड दिन्छन् । आर्थिक विस्तारका शक्तिले उद्योग, व्यापार, रोजगारी, आय, उद्यमशीलता, मानव पुँजी जस्ता कुरालाई जनाउँछ । समग्रमा आर्थिक विकास भनेको देशको सम्पूर्ण नागरिकको बहुपक्षीय कल्याण र समृद्धि हो । आर्थिक विकास निरन्तर चलिरहने अविच्छिन्न प्रयास भएकाले विश्वका गरिब मुलुकलाई गरिबीको दुष्चक्रबाट मुक्ति दिलाउन, तिनीहरूको आम्दानीमा अभिवृद्धि गराउन र उच्चस्तरको जीवन व्यतीत गर्न सक्ने अवस्था सिर्जना गराउनु पर्छ ।

केही विद्वान्ले भने देशको आर्थिक वृद्धि त्यो देशले अपनाएको राजनीतिक प्रणाली, आर्थिक स्वतन्त्रता, प्रजातन्त्रप्रतिको प्रतिबद्धता तथा सरकारको निजी आर्थिक क्रियाकलापप्रतिको सहयोग र सकारात्मक भूमिकाले निर्धारण गर्ने बताउँदै आएका छन् । हाम्रो अर्थतन्त्र यतिबेला दोहोरो दबाबमा छ । एकातर्फ न्यून पुँजीगत बजेट विनियोजन गर्ने र अर्कोतर्फ विनियोजित बजेट खर्च नहुने प्रवृत्ति छ । यसले कुल गार्हस्थ उत्पादनको आकारमा संकुचन हुन गई पुँजी पलायन, बेरोजगारी, गरिबी, महँगी, आयात, मुद्रास्फीति बढाइरहेको छ । बजारमा लगानीयोग्य रकम (तरलता) मा असन्तुलन हुन गई अर्थतन्त्रमा चाप परेको छ ।

मुलुकको चालु खर्चमा परिरहेको चापलाई उचित व्यवस्थापन गर्न नसक्नु, पुँजीगत खर्च लक्ष्यबमोजिम गर्न नसक्नु, तरलताको समस्या समयमै समाधान गर्न नसक्नु, ब्याजदरमा परिवर्तन भइरहनु, विलासिताका वस्तुको आयात वृद्धि हुनु, निक्षेपको तुलनामा कर्जा विस्तारलगायतका विभिन्न कारणले आर्थिक विकास, समृद्धि, दिगो विकास र वित्तीय प्रणालीको विस्तारमा चुनौती थपिएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशित गरेको विवरण अनुसार उपभोक्ता मूल्यमा चालु आर्थिक वर्षमा मुलुकको अर्थतन्त्रको आकार ५७ खर्ब चार अर्ब रुपियाँ पुग्ने अनुमान गरिएको छ । आधारभूत मूल्यमा अर्थतन्त्रको आकार ५० खर्ब ५० अर्ब रुपियाँ पुग्ने देखिएको छ ।

गत आवमा अर्थतन्त्रको आकार ५३ खर्ब ४८ अर्ब रुपियाँ रहने संशोधित अनुमान छ । यसै गरी आव २०७८/७९ मा अर्थतन्त्रको आकार ४९ खर्ब ७६ अर्ब रुपियाँ पुगेको थियो । अर्थतन्त्रको आकार बढ्नु भनेको लगानी, उत्पादन र रोजगारीको आकार बढ्नु हो । यसको मापन कुल गार्हस्थ उत्पादन सूचक (जिडिपी) बाट गरिन्छ । अर्थतन्त्रको आकार बढ्नु भनेको आर्थिक गतिविधि विस्तार हुनु हो । तथ्याङ्कले उजागर गरे जस्तो आर्थिक गतिविधिमा खासै विस्तार भएको देखिँदैन ।

अर्थतन्त्र चलायमान बनाउनु भनेको बचतदेखि उपभोगसम्म बढाउनु हो । यसका लागि वित्त नीति, मौद्रिक नीति, संरचनात्मक सुधार र बाह्य क्षेत्रका नीतिबिच तालमेल मिलाउनु पर्छ । अर्थतन्त्र चलायमान बनाउन आर्थिक विकास ह्नु पर्छ । अर्थतन्त्र सञ्चालन भनेको वस्तुसेवा उत्पादनदेखि उपभोगसम्मको सम्बन्ध हो । जसरी अर्थतन्त्रले व्यक्तिको कार्यव्यवहारलाई प्रभाव पार्छ, त्यसरी नै व्यक्तिको कार्यव्यवहारबाट पनि अर्थतन्त्र प्रभावित हुन्छ ।

तथ्याङ्क कार्यालयले नेपालको आर्थिक वृद्धिदर ३.८७ प्रतिशत हुने बताएको छ । यो तथ्याङ्क सरकारले राखेको लक्ष्यभन्दा कम हो । यो वर्ष ६ प्रतिशतको आर्थिक वृद्धि प्राप्त गर्ने सरकारको लक्ष्य थियो । योभन्दा अघि विश्व बैङ्कले ३.३ र एसियाली विकास बैङ्क (एडिबी) ले ३.६ प्रतिशतले नेपाली अर्थतन्त्र वृद्धि हुने प्रक्षेपण गरेका थिए । एक वर्षमा भएको अर्थतन्त्रको विस्तारलाई आर्थिक वृद्धि भनिन्छ । अघिल्लो आवको तुलनामा त्यसपछिको वर्षमा भएको कुल गार्हस्थ उत्पादन (जिडिपी) मा भएको विस्तार नै आर्थिक वृद्धिदर हो ।

एक आवमा मुलुकभित्र सरकारी वा निजी क्षेत्रबाट उत्पादित सम्पूर्ण वस्तु तथा सेवाको मौद्रिक मूल्यलाई कुल गार्हस्थ उत्पादन (जिडिपी) भनिन्छ । आर्थिक वर्ष २०७६/७७ मा कोभिडका कारण नेपालको आर्थिक वृद्धिदर २.४ प्रतिशतले ऋणात्मक भएको थियो । नाकाबन्दी र भूकम्पको वर्ष नेपालको आर्थिक वृद्धिदर ०.४ प्रतिशत मात्रै थियो । गत आव २०७९/८० मा नेपालको संशोधित आर्थिक वृद्धिदर १.९५ प्रतिशत रहेकोमा अहिले केही बढे पनि चालु आवसम्म नेपालको निर्माण र उत्पादनशील उद्योग क्षेत्रमा संकुचन कायमै देखिएको छ ।

आर्थिक वृद्धिको मुख्य उद्देश्य जनताको जीवनस्तर उकास्ने हो । विश्व बैङ्क र आइएमएफ जस्ता विश्व सङ्गठनहरूले विकास र विकासोन्मुख देशको वृद्धि र जीवनस्तरको तुलना गर्न आर्थिक वृद्धिका यी दुवै उपाय आफ्नो वार्षिक विश्व विकास प्रतिवेदनमा प्रयोग गर्दै आएका छन् । नेपालमा अहिलेको आर्थिक समस्या आउनुको मुख्य कारण घरजग्गा र सेयरको अस्वाभाविक मूल्यवृद्धि हो । यी दुई क्षेत्रमा आएको मन्दीले अर्थतन्त्र प्रभावित भएको छ । शासन व्यवस्थामा धेरै समस्या रहेकाले अर्थतन्त्र प्रभावित भइरहेको छ । शासन व्यवस्थाकै कारण श्रमका लागि बाहिर जाने युवाको संख्या प्रतिदिन दुई हजार छ सयसम्म र अध्ययनका लागि प्रतिमहिना दस हजारका दरले देश छोडेर बाहिरिने गरेका छन् ।

चालु आवमा सरकारले ६.५ प्रतिशत मुद्रास्फीति हुने बताएको छ । उक्त मूल्यभन्दा धेरै माथि मूल्य पुगिसकेको छ । अर्थतन्त्रमा वस्तु वा सेवाको मूल्य बढ्नु र पैसाको मूल्य (क्रयशक्ति) घट्नु नै मुद्रास्फीतिको अवस्था हो । मुद्रास्फीति मानवीय जीवनमा सर्वसाधारणले प्रयोग गर्ने समग्र वस्तु वा सेवाको औसत मूल्यस्तरमा भएको वृद्धि र समग्र अर्थतन्त्रमा यसबाट पर्न गएको चापको अवस्था हो । मुद्राको क्रय क्षमतामा ह्रास, वस्तुको मूल्य अधिक हुनु, उत्पादन र आपूर्ति न्यून हुन गएमा मूल्य बढ्ने गर्छ ।

राष्ट्रिय योजना आयोगले सोह्रौँ आवधिक योजना (२०८१/८२-२०८५/८६) को अन्तिम मस्यौदामा आर्थिक वृद्धिदर ७.३ प्रतिशत पुऱ्याउने लक्ष्य राखेको छ । २०७९/८० मा आर्थिक वृद्धिदर २.२ प्रतिशत मात्र भएको छ । अहिले गरिबीको रेखामुनि रहेको २०.३ प्रतिशत जनसंख्यालाई घटाएर १२ प्रतिशतमा झार्ने लक्ष्य छ । यो लक्ष्य राख्नु राम्रो हो ।

सोह्रौँ आवधिक योजनाको मस्यौदामा उपभोक्ता मुद्रास्फीति ५ प्रतिशतभित्र कायम गर्ने उल्लेख छ । बेरोजगारी दर ११.४ प्रतिशत रहेकोमा घटाएर ५ प्रतिशतमा झार्ने लक्ष्य छ तर विडम्बना पन्ध्रौँ योजनामा राखिएका अधिकांश योजना पूरा हुन सकेका छैनन् । योजना आयोगले बनाएको योजना अनुसार काम भएको छैन । आयोगको काम भनेको बजेट निर्माणमा त्यसको सीमा तोक्नु जस्तो मात्रै देखिँदै आएको छ । १६ औँ पञ्चवर्षीय योजनाले निर्धारण गरेको ७.३ प्रतिशत आर्थिक विकासको लक्ष्य पूरा हुने कुरालाई अहिले नै विश्वास गर्न सक्ने आधार भने देखिएको छैन ।

योजना आयोगले भ्रष्टाचार न्यूनीकरणलाई पहिलो प्राथमिकता दिनु भनेको विश्वसमक्ष नेपाल भ्रष्टाचारयुक्त मुलुक हो भन्नु हो । यसले सुशासनका कुरालाई उपहास गरेको छ । संविधानमा लेखिएको समाजवाद उन्मुख राज्य प्रणाली निर्माणको आधार तयार गर्ने कुरालाई योजनाले समावेश गर्न सकेको छैन । सरकारले गरिबी घटाउने भने पनि गरिबी लक्षित कार्यक्रम क्षमता विकासभन्दा वितरणमुखी हुनु, वास्तविक गरिबलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्न सकिएको छैन । विकासका काम निर्धारित समयभित्र सकाउने प्रणालीको विकास विगतदेखि अहिलेसम्म पनि हुन सकेको छैन । सार्वजनिक सम्पत्ति र स्रोतको दुरुपयोग गरी व्यक्तिगत फाइदा लिने परिपाटीमा मुलुक अघि बढ्दा विकासको कार्य देखाउने नारामा परिणत भएको छ । जसले मुलुकको अर्थतन्त्रमा ग्रहणरूपी धब्बाको वर्चस्व बढेर अर्थतन्त्रलाई संकटमा नपर्ला भन्न सकिन्न ।

# ज्येष्ठ नागरिक उपेक्षित



कल्पना नेपाल आचार्य

ज्येष्ठ नागरिकको जनसंख्या विश्वव्यापी रूपमै बढ्दो क्रममा छ । ज्येष्ठ नागरिकलाई जीवित देवताको प्रतीक मानिन्छ । ज्येष्ठ नागरिकको जनसंख्या २०७८ को जनगणना अनुसार १०.२१ प्रतिशत छ । ज्ञान, सिप र अनुभवका निधिका रूपमा रहेका जिउँदो इतिहासको संख्या दिन प्रतिदिन बढ्दै गएको छ । एकातिर जन्मदरमा कमी हुनु र पोषण स्वास्थ्यमा ध्यान दिनुले अर्कोतिर औसत आयु वृद्धि भई मृत्यु दरमा कमी आउनु ज्येष्ठ नागरिकको जनसंख्या वृद्धि हुनुको प्रमुख कारण हो ।

ज्येष्ठ नागरिकको अधिकार संरक्षणका साथै सम्मानित र मर्यादित जीवनका लागि अन्तर्राष्ट्रिय र राष्ट्रिय कानुनी तथा नीतिगत व्यवस्था छन् । विश्वव्यापी घोषणापत्र सन् १९४८ को धारा २५ मा गाँस, बास, कपास र स्वास्थ्य सुविधालगायतका अधिकारका विषयमा उल्लेख छ । आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक अधिकार सन् १९६६ को महासन्धि, अन्तर्राष्ट्रिय आप्रवासन जस्ता महासन्धिले समेत ज्येष्ठ नागरिकको अधिकारलाई संरक्षण गरेको उल्लेख छ ।

संयुक्त राष्ट्रसंघीय साधारण सभाको ४६/९१ को १६ डिसेम्बर १९९१ ले पहिलो पटक ज्येष्ठ नागरिकको अधिकार सम्बन्धमा सिद्धान्त स्थापना गर्ने काम गरेको छ । यसले ज्येष्ठ नागरिकको आत्मनिर्भरता, पर्याप्त खाद्य अधिकार, गाँस, बास, कपास र स्वास्थ्य सुरक्षामा जोड दिने काम गऱ्यो । नीति निर्माणमा सहभागिता, स्याहारसुसार, लालनपालन, पोषण, आत्मनिर्भरता र आत्मसम्मानका विषयमा आवाज उठाएको थियो । ज्येष्ठ नागरिकले शारीरिक एवं मानसिक शोषणबाट मुक्त भई स्वतन्त्रतापूर्वक सम्मानित र मर्यादित रूपमा सुरक्षित भई बाँच्न पाउनु पर्छ ।

उमेर, लिङ्ग, जात, जाति, धर्म, अपाङ्गता अन्य कुनै आधारमा विभेद गर्न हुँदैन । ज्येष्ठ नागरिकको अधिकारसम्बन्धी भियना कार्ययोजना पनि १९८२ देखि क्रियाशील छ । यसले ज्येष्ठ नागरिकको स्वास्थ्य, पोषण, आवासलगायत अधिकारको विषयमा जोड दिन्छ । ज्येष्ठ नागरिकको आधारभूत मानव अधिकारका विषयमा जोड दिने म्याड्रिड कार्ययोजना सन् २००२ मा बनेको थियो । ज्येष्ठ नागरिकको अधिकारसम्बन्धी भियना कार्ययोजना १९८२ पनि रहेको छ । यसले ज्येष्ठ नागरिकको स्वास्थ्य, पोषण, आवासलगायतका अधिकारको विषयमा जोड दिन्छ ।

नेपालको संविधानको धारा १८ समानताको हक सबै नागरिक कानुनका दृष्टिमा समान हुने कानुनको समान संरक्षणबाट वञ्चित नहुने विषय उल्लेख छ । सामान्य कानुनका आधारमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति र लिङ्गका आधारमा भेदभाव गर्न नपाइनेसमेत रहेको छ । धारा ४१ मा ज्येष्ठ नागरिकको हक अन्तर्गत उनीहरूलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुने विषय उल्लेख छ । धारा ४३ ले आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, आफ्नो हेरचाह आफैँ गर्न नसक्नेलगायतका व्यक्तिलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुनेमा जोड दिएको देखिन्छ ।

ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा गर्ने, निजहरूमा रहेको ज्ञान, सिप, क्षमता र अनुभवको सदुपयोग गर्ने, ज्येष्ठ नागरिकप्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले आएको छ । ज्येष्ठ नागरिकको पालनपोषण तथा हेरचाह, उजुरी दिन सक्ने, सार्वजनिक सवारीसाधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवासुविधा र सहयोग प्रदान गर्ने व्यवस्था भए पनि दूरदराजका र आवाजविहीन ज्येष्ठ नागरिक राज्यद्वारा प्रदान गरिएका सेवासुविधाबारे जानकार नै छैनन् । राज्यद्वारा प्रदान गरिएका सेवा, सुविधा लिनसमेत पाएका छैनन् ।

स्वास्थ्य सेवा प्रदान गर्ने प्रत्येक संस्थाले ज्येष्ठ नागरिकलाई प्राथमिकता दिई स्वास्थ्य सेवा प्रदान गर्ने कानुनी व्यवस्था हुँदाहुँदै पनि व्यावहारिक रूपमा कार्यान्वयन भएको पाइँदैन । स्वास्थ्य बिमा कार्यक्रमबारे एक हजार १३३ प्रकारका औषधी निःशुल्क पाउने व्यवस्था भए पनि व्यवहारमा प्राप्त गर्नका लागि कठिनाइ भोग्नु परेको छ । मुलुकी देवानी संहिता, २०७४ ले सन्तानले आमा, बुवालाई आदर, सम्मान र हेरचाह गर्नुपर्ने व्यवस्था भए पनि पछिल्लो समय आमाबुवाहरू आफ्नै सन्तानबाट हेला र तिरस्कृत भई वृद्धाश्रममा पुगेका घटना सञ्चार माध्यममा देख्न पाइन्छ ।

ज्येष्ठ नागरिकमाथि शारीरिक, आर्थिक र मानसिक दुर्व्यवहारका घटना बढ्दै जाँदा र उनीहरूको जीवन कठिन बन्दै गएको छ । ज्येष्ठ नागरिक नियमावली-२०६५, सामाजिक सुरक्षा ऐन-२०७५ लगायतका थुप्रै कानुनी व्यवस्था छन् । वृद्धवृद्धा आफ्नै सन्तानबाट अपहेलित भएर बाँच्नु परेको अवस्था छ । नेपाल प्रहरीको तथ्याङ्क अनुसार ज्येष्ठ नागरिकमाथि हुने शारीरिक, आर्थिक, मानसिक दुर्व्यवहारका घटना बढ्दै गएको देखिन्छ । शारीरिक दुर्व्यवहारमा २०२२ को तथ्याङ्क हेर्दा २७ वटा रहेका छन् भने यसमा महिलाको संख्या १६ र पुरुषको संख्या ११ गरी २७ वटा रहेको छ ।

यो २०२३ को तथ्याङ्क हेर्दा ३६ जना व्यक्ति शारीरिक दुर्व्यवहारको सिकार भएको पाइन्छ । यसमा महिला २५ र पुरुष ११ जना दुर्व्यवहारको सिकार हुन पुगेको तथ्याङ्क छ । आर्थिक दुर्व्यवहारको घटना २०२२ मा आठ वटा रहेका छन् । जसमा महिला दुई जना र पुरुष छ जना आर्थिक दुर्व्यवहारको मारमा परेका छन् । यो संख्या २०२३ मा छ बाट केही घटेको छ । ज्येष्ठ नागरिकमाथि हुने यौन दुर्व्यवहारका घटना २०२२ मा दुई वटा र यो संख्या २०२३ मा पनि २ वटा नै रहेको छ । जस अन्तर्गत महिला एक जना र पुरुष एक जना रहेको छ ।

नेपाल प्रहरीको तथ्याङ्कलाई आधार मान्दा ज्येष्ठ नागरिकमाथि हुने शारीरिक दुर्व्यवहारका घटना सन् २०२४ को जनवरी महिनामा तीन वटा तर फेब्रुअरी महिनामा नरहेको र मार्च महिनामा चार वटा गरी सात वटा छन् । आर्थिक दुर्व्यवहारका घटनामा जनवरीमा एक, फेब्रुअरीमा चार वटा गरी पाँच वटा घटेको पाइन्छ । यौन दुर्व्यवहारका घटनामा फेब्रुअरीमा एक, मार्च एक गरी पाँच वटा छन् । ज्येष्ठ नागरिकमाथि अवहेलनाका घटना जनवरीमा ३२ वटा र फेब्रुअरी महिनामा ३७ वटा रहेको र मार्च महिनामा ३७ वटा गरी एक सय छ वटा रहेका छन् ।

हरेक २४ वटा दुर्व्यवहारका घटनामध्ये एउटा मात्र उजुरीको प्रक्रियामा पुग्ने गरेको छ । बाँकी २३ वटा दुर्व्यवहारका घटना घरभित्रै वा गाउँघरमै दबाएर र लुकाएर राखिन्छन् । पीडित स्वयम्ले घटना बाहिर ल्याउन चाहँदैनन् । परिवारले पनि बाहिर लैजान दिँदैन । समाजले समेत ढाकछोप गरी पीडितलाई 'होस्टाइल' गराउँछ । न्याय पाउनका लागि प्रहरीसम्म पुगेका घटना पनि मेलमिलापमा टुङ्ग्याइन्छन् । ज्येष्ठ नागरिकले न्याय पाउन नसक्दा न्याय मरेको भान हुन्छ । सुरक्षा निकायले ज्येष्ठ नागरिकलाई घरेलु हिंसाको जोखिममा रहेको मान्छ । समाजको कमजोर पक्षको फाइदा उठाएर दुर्व्यवहारका घटना बढी हुन्छन् । ज्येष्ठ नागरिकविरुद्ध हुने हिंसालाई समाज र राज्यले गम्भीर रूपमा लिँदैन । सम्झाइबुझाई गर्ने वा घरभित्रै वा समुदायभित्रै सुल्झाउने तथा दबाउने गरिन्छ । घटना सार्वजनिक हुँदा सामाजिक मान, सम्मान र मर्यादा गुम्ने डर घरदेखि समुदायसम्म हुन्छ । नागरिकको पीडा सुन्न कोही चाहँदैन । सबै यान्त्रिक उपकरणमा रमाएको छ । मानिसमा दया, माया प्रेम, सद्भाव र सम्मान हराउँदै गएको छ ।

ज्येष्ठ नागरिकको मर्यादामा आँच आउने गरी पीडा दिई गालीगलौज गर्ने, श्रम शोषण गर्ने, यौनजन्य प्रकृतिको अपमान र दुर्व्यवहार गर्ने, आत्मसम्मानमा चोट दिने, त्रासपूर्ण व्यवहार गरी दुःख दिने गरेका थुप्रै घटना सञ्चार माध्यममा आएको पाइन्छ । राष्ट्रिय, अन्तर्राष्ट्रिय कानुनी र संस्थागत व्यवस्था हुँदाहुँदै पनि ज्येष्ठ नागरिकका पीडालाई सम्बोधन गर्न सकेको देखिँदैन । वृद्धवृद्धा दिनप्रतिदिन उपेक्षित बन्दै गएका छन् । दुर्व्यवहार गर्नेहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउन सकेको पाइँदैन । आर्थिक, सामाजिक, शारीरिक र मानसिक दुर्व्यवहार गर्ने पीडकलाई कानुनी कारबाहीको दायरामा ल्याउनु पर्छ । पालनपोषण, उचित सम्मान, मायाममता, स्याहारसुसार नगर्ने परिवारलाई समाजले खबरदारी गरी उत्तरदायी बनाउनु पर्छ । नेपालमा मात्र नभएर यो समस्या विश्वव्यापी रूपमा रहेको छ । नागरिक हेला र दुर्व्यवहारका सिकार बन्दै जाने क्रम बढ्दै जानु विश्वव्यापी चिन्ताको विषय हो । नागरिकका समस्या विश्वव्यापी भएको हुँदा स्वदेशदेखि विश्वव्यापी रूपमै समयसापेक्ष वृद्धवृद्धामैत्री नीति, कानुन निर्माणका साथै कार्यान्वयन पक्षमा जोड दिनु अति आवश्यक छ ।

# गगन र रवि आमने सामने




झापा(प्रस) । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं गृहमन्त्री रवि लामिछानेले सहकारीबाट ऋण लिएको विषय प्रमाणित गर्न कांग्रेसलाई चुनौती दिएका छन्। कांग्रेसले ऋण लिएको प्रमाणित गरे राजनीति छोडिदिने गृहमन्त्री लामिछानेले उद्घोष गरे।
गृहमन्त्री लामिछानेले प्रमाण पुष्टि गर्न नसके कांग्रेस महामन्त्रीसमेत रहेका गगन थापाले राजनीति छोड्नुपर्ने बताए। 'माननीय गगन थापाले आफैंले कागजमा हस्ताक्षर गरेर ऋण लिएको प्रमाण छ भन्नुभयो। उहाँलाई चुनौती छ, मैले निवेदन दिएर ऋण लिएको प्रमाण दिनुभयो भने म राजनीति छोडिदिन्छु। त्यो दिन सक्नुभएन भने उहाँले राजनीति छोड्नुपर्ने हुन्छ। संसदीय समिति त सामान्य कुरा भइहाल्यो। बनाए हुन्छ,' उनले भने।
यस विषयमा सञ्चारकर्मीले महामन्त्री थापासँग प्रश्न गरेका थिए। महामन्त्रीले थापाले चुनौती स्वीकार गर्दै भने, 'चुनौती स्वीकार गर्छु। पुष्टि भएन भने म पनि राजनीति छोडिदिन्छु।'
महामन्त्री थापाले सहकारी हिनामिनाको विषयमा आफ्नो व्यक्तिगत कुरामात्र नभएको प्रष्ट पारे। उनले सञ्चारमाध्यममा आएका कुराले नै गृहमन्त्री संलग्न रहेको पुष्टि हुने बताए।
'उहाँ (रवि)को विषय मैले प्रमाणित गर्नै पर्दैन। सञ्चारमाध्यममा आएका प्रमाण नै काफी छ। संसदीय समिति बनाइसकेपछि तथ्य प्रमाण पुष्टि भएन भने मेरोमात्र होइन सिंगो कांग्रेसलाई कति प्रभावित बनाउँछ होला? अनि चुनौतीको हाँक स्वीकार नगरेर भयो,' उनले भने।
उनले गृहमन्त्री लामिछानेले तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठको पालामा केन्द्रीय अनुसन्धान व्युरोले तयार पारेको रिपोर्ट लुकाएको आरोप लगाए। सुप्रिम र सूर्यदर्शन सहकारीको विषयमा भइरहेको अनुसन्धानलाई पनि गृहमन्त्री लामिछानेले प्रभावित पारेको महामन्त्री थापाको आरोप छ।
'नारायणकाजी श्रेष्ठ गृहमन्त्री भएका बेला सिआईबीले गरेको अनुसन्धानको रिपोर्ट किन लुकाउनुभएको? बुटवल वा पोखरामा भइरहेको अनुसन्धानलाई किन अनुसन्धान गर्न नदिने अवस्थामा पुऱ्याएको? गृहमन्त्रीलाई सोधिदिनुस्,' उनले भने।

# विराटनगरमा 'विराट वाङ्मय उत्सव'

झापा(प्रस) । कोशी प्रदेशको राजधानी विराटनगरमा २ दिने 'विराट वाङ्मय उत्सव' सुरु भएको छ। विराटनगर महानगरपालिकाको प्रवर्द्धन तथा आरोहण गुरुकुलको आयोजनामा शुक्रबारदेखि उत्सव सुरु भएको हो।
विराटनगरका मेयर नागेश कोइरालाले उद्घाटन गरेको उत्सव शनिबारसम्म चल्ने छ। उनले भौतिक विकाससँगै भाषा, साहित्य, संस्कृति र कलाको विकासमा महानगरपालिकाले काम गरिरहेको जानकारी दिए। 'विराटनगरले भाषा, साहित्य, कला र संस्कृतिको विकासलाई पनि ध्यान दिएको छ,' मेयर कोइरालाले भने, 'भाषा, साहित्य, कला, संस्कृति सबै हेर्ने गरी प्रज्ञा प्रतिष्ठान गठनको प्रक्रिया अन्तिम चरणमा पुगेको छ।'
प्रतिष्ठान गठन भइसकेपछि महानगर क्षेत्रभित्रका सबै भाषा, साहित्य, कला र संस्कृतिको विकासमा सहयोग पुग्ने उनको विश्वास छ। महानगरले सांस्कृतिक संग्रहालय स्थापनाको योजनासमेत अघि सारेको कोइरालाले बताए। कला र साहित्यिक राजधानी बनाएर विराटनगरको छुट्टै पहिचान कायम गर्न सक्नुपर्नेमा उनको जोड छ। कोइरालाले भौतिक विकाससँगै शिक्षा, स्वास्थ्य, भाषा, साहित्य, संस्कृति, कलाको पनि सँगसँगै विकास आवश्यक देखिएको उल्लेख छ। आयोजक संस्था आरोहण गुरुकुलका अध्यक्ष भैरव क्षेत्रीले विराटनगरसहित कोशी प्रदेशको भाषा, साहित्य, संस्कृति र कलालाई जोड्ने उद्देश्यका साथ 'विराट वाङ्मय उत्सव' आयोजना गरिएको जानकारी दिए। समाज रुपान्तरणमा साहित्यको अहम् भूमिका हुने वरिष्ठ कवि कुन्ता शर्माको भनाइ छ। सम्भाषण प्रस्तुत गर्दै शर्माले साहित्य लेखनको विषयवस्तु फराकिलो हुँदै गएको चर्चा गरिन्। उनले आफ्नो पालामा महिला कवि साहित्यकार न्यून भएपनि पछिल्लो समय केही मात्रामा बढेको बताइन्।
उत्सवको पहिलो दिन दिवंगत कविहरूका कवितासमेत वाचन गरिएको थियो। सो क्यानभासमा कवि हरिभक्त कटवालको रहर मुकुन्द प्रयास, हिरा आकाशको 'अक्षरहरू' मीनकुमार नवोदित, विमल गुरुङको 'आगो बल्दैछ' उमेश लुइँटेल, माधवप्रसाद घिमिरेको 'वैशाख' मञ्जुश्री गिरी, कृष्ण पाख्रिनको 'जैनी सुतेकी छे ! नानी सुतेकी छे' प्रयाग न्यौपाने, ईश्वरबल्लभको 'मेरो सपना छन्' विवेक विवश रेग्मी, लक्ष्मीप्रसाद

# रक क्लाइम्बिङ गर्दा खसेर मृत्यु



झापा(प्रस) । खोटाङमा रक क्लाइम्बिङ गर्ने क्रममा भीरबाट खसेर एक युवाको ज्यान गएको छ । बिहीबार साँझ ६ बजे दिक्तेल रुपाकोट मझुवा गढी नगरपालिका-५ लफ्याङको बुद्धेश्वर स्थित मझुवा भीरमा रक क्लाइम्बिङ गर्ने क्रममा भीरबाट खसेर ३४ वर्षीय सुचन राईको ज्यान गएको हो ।
दिप्रुङ चुईचुम्मा गाउँपालिका-७ टेम्मा घर भएका राई हाल दिक्तेलको हाट डाँडामा बस्दै आएका थिए । करिब ४० मिटर अग्लो भीरबाट खसेर गम्भीर घाइते भएपछि जिल्ला अस्पताल लगिएका राईलाई साँझ ७.४० बजे मृत घोषणा गरिएको जिल्ला प्रहरी कार्यालय खोटाङका डीएसपी पुरुषोत्तम खड्काले बताए । रक क्लाइम्बिङका लागि दुई जना साथीसहित उनी बुद्धेश्वरस्थित भीरमा पुगेका थिए ।
पर्यटन प्रवर्द्धन गर्ने भन्दै दिक्तेल रुपाकोट मझुवा गढी नगरपालिकाले गत चैत २३ गते मझुवा भीरमा रक क्लाइम्बिङको सफल परीक्षण गरेको थियो । रक क्लाइम्बिङका लागि पर्वतारोहण प्रशिक्षक संघलाई ल्याएर सोही भीरमा ६ दिन तालिम सञ्चालन गरिएको थियो । तालिम लिने सात स्थानीय र सशस्त्र प्रहरीका गरी १२ जनामध्ये मृतक राई एक जना थिए । घटनाबारे छानबिन सुरु गरिएको प्रहरीले जनाएको छ ।

# अब सरकारी शिक्षकले अन्यन्त्र काम गर्न नपाउने

झापा(प्रस)। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले आफू कार्यरत विद्यालयभन्दा अन्यन्त्र काम नगर्न/नगराउन शिक्षक,सबै शिक्षा विकास तथा समन्वय एकाइ र स्थानीय तहहरूलाई निर्देशन दिएको छ। शिक्षा तथा मानव स्रोत विकास केन्द्रले शुक्रबार एक सूचना जारी गर्दै यस्तो निर्देशन दिएको हो।
शिक्षा ऐन, २०२८ को दफा १६ च २ को उपदफा (१) मा सामुदायिक विद्यालयका शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनसम्बन्धी काममा बाहेक अन्य काममा लगाउन नहुने व्यवस्था छ।
त्यस्तै,शिक्षा नियमावली २०५९ को नियम १३३ को उपनियम १ को खण्ड (ज) मा सामुदायिक विद्यालयका शिक्षकले व्यवस्थापन समिति र शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखको स्वीकृति नलिई आफू बहाल रहेको विद्यालयबाहिर कामकाज गर्न नहुने व्यवस्था छ।
'शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखको स्वीकृति नलिई आफू बहाल रहेको विद्यालयबाहिर कामकाज गर्न नहुने भन्ने व्यवस्था गरेको हुँदा सो व्यवस्थाविपरीत कुनै पनि शिक्षकलाई कहि कतै काजमा जाने, काजमा राखे जस्ता काम कारबाही नगर्नु नगराउनु हुन भनी मिति २०८१/०१/२५ मा मन्त्रालय माननीय मन्त्रीस्तरीय को निर्णय भइ आएकोले सोही बमोजिम कार्यान्वयन गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ,'जारी निर्देशनमा उल्लेख छ।

# गुनासो सुन्न एघार स्थानमा कार्यालय

झापा(प्रस) । सरकारले श्रम, रोजगारसम्बन्धी गुनासो केन्द्रमा रहेको 'श्रमाधान कल सेन्टर' का साथै देशका विभिन्न ११ स्थानमा रहेका श्रम, रोजगार कार्यालयबाट सम्बोधन गर्न सकिने गरी व्यवस्था गरेको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले श्रम र रोजगारसँग सम्बन्धित गुनासोलाई छिटोछरितो र प्रभावकारी गराउनका लागि कल सेन्टरमा आएका गुनासो ती कार्यालयबाट सम्बोधन गर्ने गरी फोकल व्यक्ति तोकिएको हो । श्रमाधान कल सेन्टर वैदेशिक रोजगार बोर्डको सचिवालयमा राखिएको छ । उक्त कल सेन्टर तीन सिफ्टमा कर्मचारी खटाएर चौबिसै घण्टा सञ्चालनमा रहने व्यवस्था गरिएको मन्त्रालयले जानकारी गराएको छ ।
मन्त्रालयका सहसचिव एवं प्रवक्ता गोविन्दप्रसाद रिजालले केन्द्रमा आउने कतिपय गुनासा श्रम मन्त्रालय अन्तर्गत विभिन्न ठाउँमा रहेका श्रम तथा रोजगार कार्यालयबाट सम्बोधन गर्न सकिने भएकाले त्यसलाई छिटोछरितो गर्ने उद्देश्यले ती कार्यालयमा गुनासो सम्बोधनका लागि फोकल व्यक्ति तोकिएको जानकारी दिए ।
श्रम तथा रोजगारसँग सम्बन्धित आधा गुनासो सम्बन्धित कार्यालयबाट गर्न सकिने भएकाले प्रभावित वा पीडितलाई सहज होस् भनेर नै यो व्यवस्था गरिएको उनको भनाइ छ । प्रवक्ता रिजालले भने, "यो व्यवस्था भएपछि प्रभावितले आफ्नो पायक पर्ने श्रम तथा रोजगार कार्यालयमा गएर मन्त्रालयले तोकेको फोकल व्यक्तिलाई भेटेर गुनासो टिपाउन सक्ने छन् । उक्त गुनासोको सक्दो समाधानका लागि पहल हुने छ ।"




मन्त्रालयका अनुसार श्रमाधान कल सेन्टरमा आएका गुनासा कोशी प्रदेशमा मोरङको विराटनगर र झापाको भद्रपुर, मधेश प्रदेशमा पर्साको वीरगन्ज र धनुषाको जनकपुर, बागमती प्रदेशमा मकवानपुरको हेटौँडा र काठमाडौँको टेकुमा कार्यालयबाट सुनुवाइ हुने छ ।
यस्तै गण्डकी प्रदेशमा कास्कीको पोखरा, लुम्बिनी प्रदेशमा बाँकेको नेपालगन्ज र रुपन्देहीको बुटवल, कर्णाली प्रदेशमा सुर्खेतको वीरेन्द्रनगर र सुदूरपश्चिम प्रदेशमा धनगढीमा रहेका कार्यालयबाट सुनुवाइ हुने मन्त्रालयले जनाएको छ ।
कल सेन्टरबाट असल श्रम सम्बन्ध, आन्तरिक तथा वैदेशिक रोजगार र सामाजिक सुरक्षा क्षेत्रसँग सम्बन्धित सेवाग्राही एवं सरोकारवालाका समस्या, जिज्ञासा, गुनासो र सुझावलाई प्रत्यक्ष सङ्कलनसहित सम्बोधन गर्ने गरी कल सेन्टर सञ्चालनमा ल्याएको मन्त्रालयले जनाएको छ ।

सेन्टरमार्फत वैदेशिक रोजगार, आन्तरिक रोजगारी, प्रधानमन्त्री रोजगार कार्यक्रम, सामाजिक सुरक्षा कोषका कामकारबाहीबारे जिज्ञासा तथा सरोकारवालालाई जानकारी दिइने र गुनासाको सुनुवाइ गरी तत्काल समस्या समाधानमा पहल गरिने मन्त्रालयका प्रवक्ता रिजालले जानकारी दिए । उनका अनुसार कल सेन्टरको कार्यक्षेत्रसँग सम्बन्धित आधिकारिक सूचनाको तत्काल प्रवाह भई सेवाग्राहीका समस्याको शीघ्र सम्बोधन हुने अपेक्षा गरेका छौं ।

यस्तै दैनिक रूपमा प्राप्त हुने गुनासालाई सुनुवाइ गरी तत्काल सम्बोधन गर्न, जानकारी लिन वा गुनासो सेन्टरबाट सम्बद्ध निकायमा सम्पर्क एवं समन्वय गर्न र सम्बन्धित निकायले समेत तत्काल सम्बोधन गरे/नगरेको विषयमा नियमित अनुगमन एवं ताकेता गर्न सकिने व्यवस्था मिलाइएको मन्त्रालयले जनाएको छ ।
त्यसो त कल सेन्टरमार्फत नेपाली नागरिकको श्रम र रोजगारसम्बन्धी बहुआयामिक आवश्यकताको एकद्वार प्रणालीद्वारा सम्बोधन गर्ने उद्देश्य राखिएको मन्त्रालयले जनाएको छ । श्रमाधानको पहिलो चरणमा सात वटा क्षेत्रसँग सम्बन्धित कार्यक्रम समावेश गरिएका छन् । करिब दुई महिनाको अध्ययनपछि निजी क्षेत्र, ट्रेड युनियनलगायत सबै सरोकारवालासँगको छलफलपछि यो योजना सार्वजनिक गरिएको श्रम मन्त्रालयले जनाएको छ । श्रम मन्त्रालयले गत साताबाट श्रम तथा रोजगारसँग सम्बन्धित नेपाली श्रमिकका समस्या समाधान र श्रम बजारमा सुधार ल्याउने उद्देश्यसहित 'श्रमाधान' अभियान अन्तर्गत 'सेकेन्ड इनिङ्स', रोजगार बैङ्क, समता, कनेक्ट, साथ, कल सेन्टर, पेशागत यात्राको सहयात्रीलगायत कार्यक्रम अभियानका रूपमा लैजान सुरु गरेको छ ।





प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा




PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट




## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :


चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** रोकिएका कामहरू पुनः सुरु हुन सक्छन् । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ ।

**वृष** आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । सौन्दर्यतामा धन खर्च हुनेछ ।

**मिथुन** सुखदुःख बराबरी खालको समय रहनेछ । सद्विचारले अभिप्रेरित लाभ मिल्नेछ ।

**कर्कट** जोशजाँगर र उमङ्ग बढ्नेछ । नयाँ काममा हात हाल्ने समय छ ।

**सिंह** सरकारी निकायको भय रहला । शेयर बजारले पनि साथ नदेला ।

**कन्या** मिष्ठान्न भोजन प्राप्ति होला । तपाईंलाई कसै कसैले भित्र भित्रै मन पराउन सक्छन्

**तुला** कलहको योग भएकाले कसैसँग बोल्दा वा ठट्टा गर्दा सतर्कता अपनाउनुहोला ।

**वृश्चिक** आर्थिक क्षेत्रमा सङ्कट आउला, तर साँझमा मन प्रसन्न रहनेछ ।

**धनु** आजको दिन उत्साहपूर्ण रहनेछ । विद्या र बुद्धिको विकास हुनेछ ।

**मकर** नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**कुम्भ** ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । सामान हराउने भय पनि छ ।

**मिन** आज आफन्तसँग सहकार्यको अवसर मिल्नेछ । एउटै कामबाट दोहोरो लाभ